



संघीय संसद सचिवालय

संसदीय अध्ययन तथा अनुसन्धान महाशाखा

**संसदीय अध्ययन तथा अनुसन्धान शाखा**

# संसदीय शब्दावली

## २०८०

संघीय संसद सचिवालय

संसदीय अध्ययन तथा अनुसन्धान महाशाखा

**संसदीय अध्ययन तथा अनुसन्धान शाखा**

**संसदीय शब्दावली निर्माणमा संलग्न कर्मचारीहरु**

| | |
|---|---|
| श्री सुदर्शन खड्का | - सचिवालय सचिव |
| श्री बविता मिश्र | - सहसचिव |
| श्री विकास बोहरा | - उपसचिव |
| श्री अरुण किशोर शर्मा | - शाखा अधिकृत |
| श्री रविन अधिकारी | - नायब सुब्बा |
| श्री मुनादेवी गौतम | - कार्यालय सहयोगी |


# प्रकाशक

## संसदीय अध्ययन तथा अनुसन्धान शाखा

**संघीय संसद सचिवालय**

**सिंहदरवार, काठमाडौं**

**फोन नं.: ४२०००७१, ४२११७६६**

**E-mail:** ***study_research@parliament.gov.np***
***URL: www.parliament.gov.np***

# भूमिका

संसदीय व्यवस्था, प्रक्रिया एवं अभ्यास सम्बद्ध अत्यावश्यक महत्वपूर्ण शब्दावलीको बारेमा संघीय संसदमा प्रतिनिधित्व गर्नुहुने माननीय सदस्यहरु लगायत संसदप्रति सरोकार राख्ने सबैलाई उपयोगी हुने उद्देश्यका साथ केही महत्वपूर्ण संसदीय शब्दहरुको संग्रहको रूपमा **संसदीय शब्दावली** प्रकाशन गर्न लागिएको हो । हालसम्म यस प्रकृतिको आधिकारिक संग्रहको अभाव रहेको हुँदा संसदीय शब्दावली प्रकाशन आफैमा महत्वपूर्ण र उपयोगी हुने बिश्वास लिईएको छ ।

यो शब्दावली निर्माणका लागि नेपालको संबिधान, सभाका नियमावलीहरू, संसद सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रकाशनहरु, पुस्तकहरु, विभिन्न देशका संसदका वेभसाइटहरु एवं सांसद तथा प्राज्ञका लेख रचनाहरुलाई सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ । यो शब्दावली निर्माण कार्यमा सहयोग पुर्याउनुहुने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव सुभाष भट्टराई, संघीय संसद सचिवालयका उपसचिव अधिराज राई तथा नेपाल प्रज्ञा प्रतिष्ठानका भाषा विभाग प्रमुख डा. धनप्रसाद सुवेदी प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

यो संसदीय शब्दावली प्रकाशनको पहिलो प्रयास भएको हुँदा यसमा केहि भाषागत तथा प्राबिधिक त्रुटीहरु हुन सक्छन्, जसलाई हामीले नियमित रूपमा आगामी संस्करणहरुमा सुधार एवं परिस्कृत गर्दै जाने प्रतिबद्दता समेत गर्न चाहन्छौं । साथै, प्रकाशनका सम्बन्धमा रचनात्मक सुझावहरुको पनि अपेक्षा गर्दछौं ।

संसदीय अध्ययन तथा अनुसन्धान शाखा
२०८० फागुन

# संसदीय शब्दावली

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| १. | अधिवेशन | Session | राष्ट्रपतिले बैठक आह्वान गरेदेखि अन्त्य घोषणा नगरुन्जेलसम्मको अवधि ।<br><br>प्रदेश प्रमुखले बैठक आह्वान गरेदेखि अन्त्य घोषणा नगरुन्जेलसम्मको अवधि । |
| २. | अधिवेशन आह्वान | Summoning of a Session | संविधान बमोजिम राष्ट्रपतिले संघीय संसदको दुबै सदन वा प्रतिनिधि सभा वा राष्ट्रिय सभा संचालन गर्न का लागि गरिने आह्वान ।<br><br>संविधान बमोजिम प्रदेश प्रमुखले प्रदेश सभा संचालन गर्न का लागि गरिने आह्वान । |
| ३. | अधिवेशनको अन्त्य | Prorogation of a Session | मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिले चलिरहेको अधिवेशन अन्त्य गरेको अवस्था ।<br><br>प्रदेश मन्त्रिपरिषद्को |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
| --- | --- | --- | --- |
| | | | सिफारिशमा प्रदेश प्रमुखले चलिरहेको अधिवेशन अन्त्य गरेको अवस्था । |
| ४. | अध्यक्ष | Chairperson | राष्ट्रिय सभाको अध्यक्ष वा राष्ट्रिय सभा संचालनको अध्यक्षता गर्ने व्यक्ति |
| ५. | अध्यादेश | Ordinance | संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले जारी गर्ने ऐन सरह लागू हुने कानून । |
| ६. | अनुपस्थितिको सूचना | Leave of Absence | सभा वा समितिको बैठकमा अनुपस्थित रहनु पर्ने भएमा सभामुख वा अध्यक्षलाई अग्रिम रुपमा दिने सूचना । |
| ७. | अनुमोदन | Approval | सभा वा समितिमा प्रस्ताव गरेको कुरालाई स्वीकृति गर्ने काम । |
| ८. | अनुशासन | Discipline | सभा वा समितिमा सदस्य वा |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | अन्य उपस्थित व्यक्तिले पालना गर्नुपर्ने आदर्श, आचरण एवम् आचारसंहिता । |
| ९. | अनुसूची | Schedule | संविधान, कानून, सन्धि तथा सम्झौता लगायतका महत्वपूर्ण दस्ताबेजको मूल पाठमा विस्तृत रुपमा समाविष्ट हुन नसकेका विवरण वा पूरक अंशका रुपमा परिशिष्टमा प्रयोग गरिने सूची वा तालिका । |
| १०. | अभिलेख | Archives | सूचना, कागजपत्रलाई सुरक्षित रुपमा राखिने विधि वा प्रक्रिया । |
| ११. | अर्थ विधेयक | Money Bill | सरकारले प्रस्तुत गर्ने सरकारी आम्दानी, खर्च र वित्तीय व्यवस्थासँग सम्बन्धित तथा सभामुखद्धारा अर्थ विधेयक हो भनि निर्क्यौल गरिएको विधेयक । |
| १२. | अविश्वासको प्रस्ताव | Motion of No-Confidence | सरकार चलाउनका लागि प्रतिनिधि सभा सदस्यको विश्वास छैन भन्ने आशयको |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | प्रस्ताव |
| १३. | अविश्वासको प्रस्ताव | Motion of No-Confidence | प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरु मध्ये एक चौथाई सदस्यले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी लिखित रुपमा राख्ने प्रस्ताव ।<br><br>प्रदेश सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरु मध्ये एक चौथाई सदस्यले मुख्यमन्त्रीमाथि सदनको विश्वास छैन भनी लिखित रुपमा राख्ने प्रस्ताव । |
| १४. | असंसदीय भाषा | Unparliamentary Language | संसदीय मर्यादा तथा आचरण बिपरितका शब्द, वाक्य तथा बक्तब्य । |
| १५. | आचरण | Ethics | सदस्यहरुको नैतिकता, चालचलन र चरित्र । |
| १६. | आचरण अनुगमन समिति | Ethics Monitoring Committee | पदाधिकारीहरुको आचरण र अनुशासनको अनुगमन गर्नका लागि सभामुख र अध्यक्षको |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | नेतृत्वमा गठित समिति । |
| १७. | आचारसंहिता | Code of Conducts | मानवीय ब्यबहारलाई व्यवस्थित र मर्यादित बनाउने लक्ष्यका लागि निर्दिस्ट मापदण्ड । |
| १८. | आनुषङ्गिक सुधार | | व्यवस्थापिकाबाट पारित भएका विधेयकमा अनायास हुन गएका भाषिक, शाब्दिक र प्राविधिक रूपमा देखिएका त्रुटि सच्याउने प्रक्रिया । |
| १९. | आरक्षण | Reservation | सिमान्तकृत समूहहरुलाई विधायिका तथा कार्यकारिणी पदहरुमा यथेष्ट प्रतिनिधित्व गर्ने समावेशीकरणको एउटा माध्यम ।<br><br>बहुपक्षीय सन्धिमा कुनै प्रावधान आफूलाई लागू नहुने भनी गरिएको घोषणा । |
| २०. | आर्थिक कार्यप्रणाली | Financial Procedures | सरकारी कोषमा रकम जम्मा गर्ने, सो कोषबाट रकम खर्च गर्ने, कोषको व्यवस्थापन गर्ने, ऋण लिने, पेश्की दिने आदि विषयमा संविधानतः तयार |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | गरिएको कार्यविधि । |
| २१. | आश्रित विधेयक | | मूल विधेयकमा आश्रित रहने विधेयक । |
| २२. | उधारो खर्च | Votes of Credit | प्राकृतिक कारण वा बाह्य आक्रमणको आशंका वा आन्तरिक विघ्न वा अन्य कारणले संकटको अवस्था परी संविधानको धारा ११९ को उपधारा (१) अन्तर्गत चाहिने विवरण खुलाउन अव्यावहारिक वा राज्यको सुरक्षा वा हितका दृष्टिले अवाञ्छनीय देखिएमा नेपाल सरकारको अर्थमन्त्रीले प्रतिनिधि सभामा पेश गर्न सक्ने व्ययको विवरण । |
| २३. | उपकक्ष | Ante-chamber | मूल कक्षसँग जोडिएको अन्य सानो कक्ष । |
| २४. | उपसभामुख | Vice Speaker | सभामुखको अनुपस्थितिमा सभाको अध्यक्षता गर्ने व्यक्ति । |
| २५. | उपसमिति | Subcommittee | समितिले आफ्नो कामकारबाहीलाई व्यवस्थित र प्रभावकारी बनाउने काममा |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | सानो संख्यामा बनाइएको समूह । |
| २६. | उपाध्यक्ष | Vice Chairperson | अध्यक्षको अनुपस्थितिमा राष्ट्रिय सभाको सभा संचालनको अध्यक्षता गर्ने व्यक्ति । |
| २७. | एक सदनात्मक | Unicameral | एक मात्र सदन भएको व्यवस्थापिका । |
| २८. | कागजात टेबुल | Papers Laid on the Table | संसदीय कामकारवाहीका लागि सदन वा समितिका कामकारवाहीका लागि सृजना वा प्राप्त हुने कागजपत्र सदनमा पेश गर्ने कार्य । |
| २९. | काबू बाहिरको परिस्थिति | Chaos in the House | सदन संचालनका सन्दर्भमा पूर्वानुमान गर्न नसकिएको नियन्त्रण बाहिरको अवस्था । |
| ३०. | कार्य सञ्चालन विधि | Procedures Relating to Conduct of Business | सभा संचालनको प्रक्रिया वा तरिका । |
| ३१. | कार्यपालिका | Executive | संविधान र कानून बमोजिम कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषद वा राज्यको कानुन कार्यान्वयन गराउने मन्त्रीहरु सहितको राज्यको |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | कार्यकारिणी अंग । |
| ३२. | कार्यविधि | Procedure | संसदीय कामकारवाही संचालन गर्ने विधि । |
| ३३. | कार्यव्यवस्था | House Arrangement | सभा संचालनका लागि आवश्यक कामकारवाहीको व्यवस्थापन गर्ने । |
| ३४. | कार्यव्यवस्था परामर्श समिति | Business Advisory Committee | सभाको बैठकलाई सुव्यवस्थित, मर्यादित र प्रभावकारी ढंगले सञ्चालन र व्यवस्थापन गर्न र आवश्यक राय सुझाव प्रदान गर्न सभामुख वा अध्यक्षको अध्यक्षतामा विभिन्न दलको प्रतिनिधित्व सहितको गठन गरिने समिति । |
| ३५. | कार्यसूची | Agenda/Business | संघीय संसद वा प्रदेश सभामा पेश गरिने विधेयक तथा प्रस्ताव र सभामा बोल्ने सदस्यको जानकारी सहितको विवरण । |
| ३६. | खर्च कटौती | Cut Motion | विनियोजन विधेयकमा मितव्ययीता कायम गरियोस् भन्ने उदेश्य सहित देहाय बमोजिमको प्रस्तावलाई खर्च |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | कटौतीको प्रस्ताव भनिन्छ -<br>- शीर्षकको खर्च रकमलाई घटाई एक रुँपिया कायम गरियोस् ।<br>- शीर्षकको खर्च रकममा उल्लिखित खर्च रकम घटाइयोस् वा<br>- शीर्षकको खर्च रकमलाई घटाई एक सय रुँपिया कायम गरियोस् । |
| ३७. | खुला सत्र | Open Session | सदनको बैठक पारर्दिशता ढंगले संचालन गर्न खुला गरिएको बैठक । |
| ३८. | गठबन्धन | Alliens | |
| ३९. | गणपूरक सङ्ख्या | Quorum | सभा वा समितिको बैठक संचालनका लागि आवश्यक न्यूनतम संख्या ।<br><br>सभा वा समितिमा उपस्थित सदस्य संख्याको एक चौथाई सदस्य । |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| ४०. | गैर सरकारी बिधेयक | Private Member Bills | मन्त्रीपरिषदको सदस्य बाहेकका संसद सदस्यले आफू सदस्य रहेको सभामा प्रस्तुत गर्ने बिधेयक । |
| ४१. | गोप्य बैठक | Secrete Meeting | सभामुख, अध्यक्ष वा सभापतिले आवश्यक ठानेमा आह्वान गरिने बैठक ।<br><br>प्रधानमन्त्रीको अनुरोधमा राष्ट्रिय सुरक्षा र राष्ट्रिय सङ्कट सम्बन्धी कुनै विषयको छलफल गरिने सभामुखद्धारा आह्वान गरिने बैठक । |
| ४२. | गोलाप्रथा | Lottery-Draw | निर्णयमा विवाद भएमा गोला हालेर वा चिठ्ठा हालेर गरिने समाधानको उपाय । |
| ४३. | चेतावनी | Warning | बैठकमा अभद्र व्यवहार गर्ने सदस्यलाई सभामुख वा अध्यक्षद्धारा दिइने आदेश । |
| ४४. | छलफल समाप्त | End of Discussion | संसदमा प्रस्तुत हुने विधेयक वा प्रस्तावमाथि हुने छलफलको समाप्ति । |
| ४५. | छलफल | Adjournment of Discussion | सभा वा समितिमा भइरहेको |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | स्थगित | | छलफल केही समय विश्राम भएको अवस्था । |
| ४६. | जनमत संग्रह | Referendum | राष्ट्रिय महत्वको कुनै विषयमा निर्णय गर्न आवश्यक छ भनी संघीय संसदका सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाई सदस्यले दस्तखत गरी संविधानको धारा २७५ को उपधारा (१) बमोजिम प्रस्ताव । |
| ४७. | जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव | Motion of Urgent Public Importance | कुनै जरूरी विषयमाथि छलफल गर्न सदस्यहरुद्वारा राखिएको र सभामुख वा अध्यक्षद्वारा स्वीकृति प्राप्त विशेष प्रस्ताव । |
| ४८. | जाँचबुझ समिति | Inquiry Committee | कुनै बिषयमा अध्ययन वा छानविन गर्न बनेको विशेष प्रकृतिको सभाद्वारा गठित संसदीय समिति । |
| ४९. | तदर्थ समिति | Ad-hoc Committee | तदर्थ समिति आवश्यकता अनुसार तदर्थ आधारमा बनाइन्छ र आफूलाई तोकिएको काम पूरा गरेपछि |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | विघटन गरिन्छ। |
| ५०. | दफावार छलफल | Clause-wise Discussion | कुनै पनि विधेयकमाथि सभामा हुने दफा र विधेयकको मूल संरचनामाथि हुने विस्तृत छलफल ।<br><br>सभाको नियमावलीको सन्दर्भमा नियम र यसको मूल संरचनामाथि हुने हुने विस्तृत छलफल । |
| ५१. | दलको प्रमुख सचेतक | Chief Whip of the Party | प्रतिनिधि सभामा दश जना भन्दा बढी सदस्यहरु रहेको दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सभाको सदस्य |
| ५२. | दलको विधान | Party Constitution | दलको आन्तरिक काम कारवाहीलाई व्यवस्थापन गर्न बनाइएको कार्यविधि। |
| ५३. | दैनिक कार्यसूची | Daily Agenda / List of Business | संसदको वैठकमा पेश गरिने विषयवस्तुको विवरण । |
| ५४. | द्विसदनात्मक | Bicameral | दुईवटा सदन सहितको व्यवस्थापिका |
| ५५. | धन्यवाद | Vote of Thanks | राष्ट्रपति वा अन्य कुनै विशिष्ट |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | ज्ञापन | | व्यक्तिद्वारा सभालाई सम्बोधन गरेपश्चात सभामुख वा अध्यक्षद्वारा धन्यवाद प्रदान गरिने कार्य । |
| ५६. | धन्यवाद प्रस्ताव | Motion of Thanks | राष्ट्रपतिद्धारा दुवै सदनको सँयुक्त बैठकलाई संवोधन गरेपछि सभाद्वारा पारित गरि राष्ट्रपतिलाई दिइने धन्यबाद । |
| ५७. | धारा | Article | संविधानको भाग अन्तर्गतका अंग |
| ५८. | ध्यानाकर्षण | Attention | सभामुख वा अध्यक्ष वा सभापतिको ध्यान आकृष्ट गर्ने काम ।<br><br>सभामुख वा अध्यक्ष वा सभापतिद्वारा सदस्यको ध्यान आकृष्ट गर्ने<br>काम ।<br><br>सभामुख वा अध्यक्ष वा सभापतिद्वारा अन्य आमन्त्रितको ध्यान आकृष्ट गर्ने काम । |
| ५९. | नियम | Suspension of | सभामुख वा अध्यक्षद्वारा कुनै |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | निलम्बन | Rules | प्रस्तावमा केही गर्न आवश्यक भएमा नियमवालीको कुनै खास नियमलाई सभाको अनुमतिले केही समय वा घण्टाका लागि निष्क्रिय बनाउने प्रक्रिया । |
| ६०. | नियमापत्ति | Point of Order | सभा वा बैठकमा स्वीकृत कार्य प्रणाली अनुसार नभएको वा नियमविरुद्ध भएकोमा उठाइएको आपत्ति । बैठक सञ्चालनका क्रममा बैठकमा प्रस्तुत हुने प्रस्ताव, कार्य प्रक्रिया वा अभिव्यक्ति नियम संगत नरहेको जनाइने आपत्ति । |
| ६१. | नियमावली | Rules | सदन सञ्चालन सम्बन्धि नियमहरुको सँगालो । |
| ६२. | निर्णय पुस्तिका | Minutes | समितिको बैठकवाट पारित भएका निर्णयको प्रमाणित प्रतिलिपि राख्ने प्रयोजनका लागि प्रयोग हुने पुस्तिका । |
| ६३. | निर्णयार्थ | | प्रस्ताव टुङ्गोमा पुग्नका लागि |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | प्रस्तुत | | सभामा प्रस्तुत गरिएको विषयवस्तु । |
| ६४. | निर्विरोध | Unopposed | विरोध नभएको; कुनै पक्षबाट पनि आपत्ति नउठाइएको । कुनै पदमा आवश्यक संख्याभन्दा बढी दावी नभएको अवस्था । |
| ६५. | निलम्बन | Suspension | कुनै ओहदामा रहेको पदाधिकारी वा कर्मचारीलाई अनियमितता वा भष्टाचार गरेको सूचना दिई नियम अनुसार छानबिन गर्न राखिने काम । <br><br> सभामुख वा अध्यक्षले नियम अनुसार बैठकमा उपस्थित हुन नपाउने गरी गरिएको कारबाही वा आसनको अपहेलना गर्ने, सभाको कार्यलाई अवरोध गर्ने वा अभद्र व्यवहार गर्ने वा संविधान र नियमावलीको अवहेलना गर्ने वा भष्ट्राचार वा |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | महाभियोग सम्बन्धि अभियोग लागेको सदस्यहरुलाई सभामुख वा अध्यक्षले गर्ने कारवाही । |
| ६६. | नीति तथा कार्यक्रम | Policies and Programs | राष्ट्रपतिद्धारा संसदमा वार्षिक रुपमा पेश गरिने सरकारको नीति तथा कार्यक्रम । |
| ६७. | न्यायपालिका | Judiciary | संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम नेपालको न्याय सम्बन्धी अधिकार प्रयोग गर्ने आधिकारिक निकाय । |
| ६८. | पदाधिकारी | Officials | कुनै पदमा रहेर अधिकारपूर्वक काम गर्ने अधिकारी ।<br><br>संसदको कामकारबाहीमा महत्वपूर्ण भूमिका रहने गरी नियमावलीमा उल्लेख गरिएका उच्च पदस्थ अधिकारीहरु। |
| ६९. | परामर्श /छलफल | Consultative Discussion | कुनै अत्यावश्यक वा आकस्मिक विषयमा गरिने विचारविमर्श ।<br>कुनै विषयमा छलफल गर्ने |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | तथा त्यसबाट खँदिलो निष्कर्ष निकाल्ने काम, सल्लाह इत्यादि । |
| ७०. | पिजनहोल | Pigeon Hole | संसदका प्रत्येक सदस्यहरुका लागि उपलब्ध गराइने सूचना तथा कागजपत्र व्यवस्थित ढङ्गले राख्ने स्थान । |
| ७१. | पुनर्विचार | Reconsideration | विधेयक, प्रस्ताव, प्रतिवेदन, निर्णय आदिमा भएको निर्णयमा परिमार्जन वा संशोधन गर्न वा ठीक भए नभएको जान्न गरिएको विचार । |
| ७२. | पूरक अनुमान | Supplementary Estimates | अर्थमन्त्रीले कुनै आर्थिक बर्षमा अख्तियारी दिएको सेवामा रकम अपर्याप्त भएमा वा नयाँ सेवामा खर्च गर्न रकम आवश्यक भएमा वा अख्तियारी दिएको रकमभन्दा बढी खर्च गर्नुपर्ने आवश्क परेमा प्रतिनिधिसभामा पेश गरिने पूरक अनुमान। |
| ७३. | पूरक प्रश्न | Supplementary Question | प्रधानमन्त्री वा मन्त्रीले सदनमा कुनै विषयमा दिने |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | स्पष्टिकरणको सम्बन्धमा चित्त नबुझेमा त्यस्तो विषयमा संसद सदस्यले गर्न सक्ने थप प्रश्न । |
| ७४. | पेश्की खर्च | Votes on Account | कुनै आर्थिक बर्षमा विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा अनुमान गरिएको व्ययको कुनै अंश पेश्कीका रुपमा खर्च गर्न सकिने अंश । |
| ७५. | प्रतिनिधि सभा | House of Representatives | नेपालको संविधानको धारा ८४ बमोजिमको संघीय संसदको तल्लो सदन । |
| ७६. | प्रतिनिधि सभाका पदाधिकारी | Officials of House of Representatives | सभामुख, उपसभामुख, संसदीय दलका नेता, विपक्षी दलको नेता, संसदीय दलका उपनेता, मुख्य सचेतक, प्रमुख सचेतक, समितिका सभापति र सचेतक । |
| ७७. | प्रतिपक्ष | Opposition | सरकारमा सहभागी नभएका तर संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दल । |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| ७८. | प्रतिस्थापन विधेयक | Substitution Bill | अध्यादेशलाई प्रतिस्थापन गर्ने गरि ल्याइएको नयाँ विधेयक । |
| ७९. | प्रत्यायोजित विधायन | Delegated Legislation | ऐनको अधिनमा रही बनाइएका नियमावली, विनियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड लगायतका कानूनी दस्तावेज । |
| ८०. | प्रत्यायोजित व्यवस्थापन | Delegated Management | कानुन निर्माण सम्बन्धि प्रत्यायोजित अधिकार प्रयोगको अवस्था जांच सम्वन्धि कार्य । |
| ८१. | प्रदेश सभा | Provincial Assembly | प्रदेशमा व्यवस्थापिकाको काम गर्ने एक सदनात्मक विधायिकी अंग । |
| ८२. | प्रदेश सभा | Provincial Assembly | संविधानको धारा १७५ मा व्यवस्था भएको एक सदनात्मक प्रदेश व्यवस्थापिका |
| ८३. | प्रधानमन्त्री | Prime Minister | कार्यपालिकाको प्रमुख व्यक्ति वा मन्त्रिपरिषद्को अध्यक्षता गर्ने संघीय संसदका सदस्य । |
| ८४. | प्रमाणीकरण | Certification | संसदबाट पारित भएको बिधेयक कार्यान्यवनमा जानु |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | अघि रास्ट्रपतिबाट हुने अन्तिम प्रमाणिकरणको कार्य<br>संसदले पारित गरेको विधेयकलाई राष्ट्रपतिबाट ऐनको रुपमा प्रमाणित गर्ने कार्य । |
| ८५. | प्रमुख सचेतक | Chief Whip | प्रतिनिधि सभामा दशजना भन्दा बढी सदस्यहरु रहेको दलको नेताका लागि निर्दिस्ट भूमिका । |
| ८६. | प्रश्नोत्तर | Question and Answer | सांसदले सभामा कुनै विषयमा कुनै कुराको जानकारीका लागि सोधिने प्रश्न एवं उसले दिएको उत्तर वा नेपाल सरकारको उत्तरदायित्व भित्रको सार्वजनिक महत्वको कुनै पनि विषयमा सोधिने प्रश्न र सोको सम्बन्धित मन्त्रीद्धारा दिइने मौखिक वा लिखित जवाफ । |
| ८७. | प्रस्ताव | Motion | सभामा कुनै विषयमा छलफल का लागि पेश गरिएको प्रस्ताव । |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| ८८. | प्रस्तावक | Proponent | सभामा प्रस्ताव गर्ने व्यक्ति वा सदस्य । |
| ८९. | प्रस्तावना | Preamble | कानून निर्माणको क्रममा निचोडमा पुग्नका लागि उद्देश्यमूलक ढङ्गबाट गरिने प्रस्ताव । |
| ९०. | फ्लोर क्रस | Floor Cross | संसदीय दलको ह्विप विपरित मत दिएको अवस्था । |
| ९१. | बदर | Annul | सदर नभएको वा अस्वीकृत । |
| ९२. | बधाई दिने | Greeting of Congratulation | संसदका पदाधिकारी निर्वाचित भएपश्चात सभा वा समितिमा सम्मान प्रकट गर्ने कार्य । |
| ९३. | बन्द सत्र | Closed Session | संसदीय दलको आन्तरिक विषयमा छलफल एवम् निर्णय गर्ने प्रयोजनार्थ आधिकारिक व्यक्तिहरुको उपस्थितिमा संचालन हुने सत्र । |
| ९४. | बहुमत | Majority | पचास प्रतिशत भन्दा धेरै संख्या वा कानूनले तोके बमोजिम कुनैपनि प्रस्ताव पारित हुनका लागि आनुपातिक रुपमा आवश्यक धेरै मत । |
| ९५. | बहुसंख्यक | Multitudinous | गणनामा पचास प्रतिशतभन्दा |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | धेरै भएको । |
| ९६. | बाधा अड्काउ फुकाउने | Power to Remove Difficulties | कानूनको अभाव भएको अवस्थामा कुनै कार्य गर्नका लागि अधिकार प्राप्त व्यक्तिवाट जारी गरिने आदेश वा निर्णय । |
| ९७. | बैठक | Meeting | संसदको अधिवेशन चलेको समयमा बस्ने सभा वा समितिको तोकिएको कार्यसूचीमा बस्ते बैठक |
| ९८. | बैठक आह्वान | Calling the Meeting | सभा वा समिति बैठक बस्नका लागि औपचारिक रुपमा बोलाउने काम |
| ९९. | बैठक कक्ष | Meeting Hall | सभा वा समिति सञ्चालनका लागि तोकिएबमोजिमको स्थान । |
| १००. | बैठक स्थगित | Adjournment of Meeting | सभा वा समितिका निर्धारित बैठक स्थगित गरिने कार्य सन्चालन भैरहेको बैठक स्थगित गर्ने कार्य । |
| १०१. | मत विभाजन | Division of Vote | सभामुख वा अध्यक्ष वा सभापतिले कुनै प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | सदस्यहरुबिच मतैक्यता नभएको अवस्थामा हुन्छ, हुन्न र मत दिन्न भन्ने प्रक्रिया मार्फत मत संकलन गर्ने प्रक्रिया । |
| १०२. | मन्त्रिपरिषद् | Cabinet | सरकारको सर्वोच्च कार्यकारी अङ्ग । |
| १०३. | मर्यादापालक | Sergeant-at-arms | सभा वा समितिको बैठकमा सुरक्षा व्यवस्थाको साथै सभालाई मर्यादित बनाउन खटिएका सुरक्षाकर्मी । |
| १०४. | महाधिकार - पत्र | Magna Carta | जनतामा अधिकार स्थापित गराउन सन् १२१५ जुन १५ मा बेलायतमा जारी गरिएको प्राचीन कानूनी दस्तावेज ।<br><br>कानुनभन्दा माथि कोइ छैन भन्ने सिद्धान्तलाई प्रतिपादन गर्ने पहिलो कानूनी दस्तावेज । |
| १०५. | महाभियोग | Motion of Impeachment | संविधान र कानूनको गम्भीर |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | प्रस्ताव | | उल्लंघन गरेको आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले राष्ट्रपति वा उपराष्ट्रपति विरुद्ध पद मुक्तिका लागि गरिने प्रस्ताव ।<br>संविधान र कानूनको गंभीर उल्लंघन, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा पदीय कर्तव्यको पालन नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको कारण एक चौथाइ सदस्यले नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारी विरुद्ध गरिने प्रस्ताव । |
| १०६. | महासचिव | Secretary General | संघीय संसद एवम् संघीय संसद सचिवालयको |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | कामकारवाही गर्न प्रशासनिक प्रमुखको रुपमा नियुक्त व्यक्ति । |
| १०७. | माननीय | The Honourable | जनताबाट निर्वाचित सांसद सदस्यहरु, सर्वोच्च अदालतका न्यायाधीश र मन्त्रीहरुलाई सम्मान स्वरुप प्रयोग हुने आदरवाची शब्द । |
| १०८. | मुख्य सचेतक | Chief Whip | प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेता ।<br>वहुमत प्राप्त गर्ने कुनै दल नभएमा प्रधानमन्त्रीले प्रतिनिधि सभामा सत्ता पक्षको मुख्य सचेतक भई काम गर्ने संसदीय दलको नेता भनि तोकिएको सदस्य। |
| १०९. | मुलतवी | Adjournment | सम्बन्धित अर्को कामकारबाहीको टुङ्गो लागेपछि किनारा लगाउने गरी स्थगित गरिएको विषय। |
| ११०. | राजनीतिक दल | Political Party | समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | मानिसहरू बीच निर्माण भएको वैचारिक समूह । |
| ११११. | राजपत्र | Gazette | सरकारी सूचना संप्रेषण गर्ने सूचना पत्र । |
| ११२. | राजश्व | Revenue | सरकारले विभिन्न कर तथा महसुलको रुपमा व्यक्ति तथा संस्थाबाट सङ्कलन गर्ने रकम । |
| ११३. | राजिनामा | Resignation | पद र जिम्मेवारीबाट अलग हुने प्रक्रिया । |
| ११४. | राष्ट्रपति | President | राष्ट्रको प्रमुख पदाधिकारी वा राष्ट्रध्यक्ष<br>राज्यको औपचारिक रुपमा घोषित राष्ट्रप्रमुख । |
| ११५. | राष्ट्रिय दल | National Party | निर्वाचन आयोगले राष्ट्रिय दलका लागि मान्यता का लागि तोकेको मापदण्ड पूरा गरि संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दल । |
| ११६. | राष्ट्रिय सभा | National Assembly | संघीय संसदको स्थायी सदनको रुपमा रहने माथिल्लो सभा । |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| ११७. | राष्ट्रिय सभाका पदाधिकारी | Officials of National Assembly | अध्यक्ष, उपाध्यक्ष, सत्तापक्षको नेता, विपक्षी दलको नेता, सत्तापक्षको मुख्य सचेतक, विपक्षी दलको प्रमुख सचेतक, समितिका सभापति । |
| ११८. | रोष्टम | Rostrum | प्रतिनिधि सभाको सभामुख तर्फको र राष्ट्रिय सभाको अध्यक्षसँगै रहेको भाषाण गर्नका लागि प्रयोग गरिने सदनको सामान्य भाग भन्दा माथि उठाइएको भाग । |
| ११९. | लवी | Lobby | संघीय संसदको मुख्य सभाहल भन्दा बाहिर रहेका प्रतिक्षा गर्ने वा भेटघाट गर्ने ठाउँको रुपमा प्रयोग गरिने कोठा वा अन्य स्थान । |
| १२०. | वक्तव्य | Statement | कुनै विषयवस्तुका बारेमा स्पष्टतापूर्वक भनिएको कथन । |
| १२१. | वन्देज | Restrictions | नियम विपरित को कृत्यमा रोक लगाउने कार्य । |
| १२२. | वान्छनीय | Expedient | संघीय संसदमा प्रस्तुत कुनै विधेयकको औचित्यता पुष्टि पश्चात् पारित हुन योग्य भएको |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | अवस्था । |
| १२३. | विघटन | Dissolution | संसदको अधिवेशन भङ्ग वा अन्त्य गर्ने कार्य । |
| १२४. | विचाराधीन | Under Consideration | सोचविचार गरी टुङ्गोमा पुग्न भनी छुट्याइएको विषय वा विचार गरेर मात्र निर्णय गर्नुपर्ने । |
| १२५. | विधेयक | Bills | संघीय संसदको सभामा पारित गर्नका लागि पेश गरिने कानूनको प्रारुप वा ऐनको मस्यौदा ।<br>कानुन बनाउनका लागि संसदसमक्ष प्रस्तुत गरिने कानुनको मस्यौदा |
| १२६. | विनियोजन ऐन | Appropriation Bill | संघिय संचित कोषमाथि व्ययभार हुने रकम बिनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन । |
| १२७. | विनियोजन विधेयक | Appropriation Bill | व्यय हुने रकम सम्बन्धित शीर्षकमा उल्लेख गरी प्रस्ताव गरिएको मस्यौदा । |
| १२८. | विपक्षी दलको | Opposition | देहाय बमोजिमका दलले |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | नेता | Leader | संसदीय दलको नेताका रुपमा छानेको व्यक्तिः<br><br>• मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेक प्रतिनिधि सभा वा राष्ट्रिय सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरु भएको दलहरुमध्ये सबै भन्दा बढी सदस्य भएको दल,<br><br>• प्रतिनिधि सभा वा राष्ट्रिय सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरु भएका एक भन्दा बढी दलहरुको बराबर सदस्य भएमा ती दलहरुले पारस्परिक सहमतिको आधारमा आफूमध्येबाट मान्यता |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | दिएको कुनै एक दल,<br>• पारस्परिक सहमति हुन नसकेमा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकका प्रतिनिधि सभा वा राष्ट्रिय सभाका सबै भन्दा बढी सदस्यहरुले विपक्षी दलको नेता छान्नको लागि लिखित मञ्जुरी गरेको दल,<br>• लिखित मञ्जुरी नभएमा वा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकका प्रतिनिधि सभा वा राष्ट्रिय सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरु भएको कुनै पनि दल |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | नभएमा प्रतिनिधि सभा वा राष्ट्रिय सभाको लागि सभामुख वा अध्यक्षले तोकिदिएको दल, वा<br>• कुनै व्यक्ति विपक्षी दलको नेता भइरहेकोमा कुनै कारणबाट कुनै दलको प्रतिनिधि सभा वा राष्ट्रिय सभामा दश प्रतिशत भन्दा बढी सदस्य पुग्न गई सबैभन्दा बढी सदस्य भएको दल बन्न पुगेमा त्यस्तो दल । |
| १२९. | विपक्षी दलको प्रमुख सचेतक | Chief Whip of Opposition Party | प्रतिनिधि सभामा विपक्षी दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सभाको सदस्य । |
| १३०. | विपक्षी दलको सचेतक | Whip of the Opposition Party | विपक्षी दलको नेताले प्रतिनिधि सभाम विपक्षी दलको सचेतक |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | भई काम गर्न तोकेको सभाको सदस्य । |
| १३१. | विवरण फाराम | Sheet Roll Form | संघीय संसदका सदस्यहरुले निर्दिष्ट ढाँचा अनुरुप भर्नुपर्ने वैयक्तिक विवरण उल्लेख भएको फाराम। |
| १३२. | विशेष समय | Special Hour | संसदमा समसमायिक विषयमा बोल्नका लागि दलीय प्रतिनिधित्वको आधारमा सदस्यहरुलाई बोल्नको लागि सभामुख वा अध्यक्षद्वारा छुट्याइएको समय । |
| १३३. | विशेष समिति | Special Committee | विशेष कार्यका लागि विशेष परिस्थिति अनुसार संसद वा सभाबाट गठन हुने अस्थायी प्रकृतिका समिति। |
| १३४. | विशेषाधिकार | Privileges | संसदीय कारकारवाहीका दौरान संघीय संसदमा प्रतिनितिधित्व गर्ने सदस्यलाई प्राप्त विशेष अधिकार। |
| १३५. | विशेषाधिकार | Special Power | खास समय वा परिस्थितिमा मात्रै प्रयोग गर्न मिल्ने संसद्को विशेष अधिकार । |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| १३६. | विशेषाधिकार समिति | | संघीय संसदको विशेष अधिकार हनन भएको भन्ने प्रश्न सम्बन्धी छानबीन र कारबाही अगाडि बढाउन गठन हुने विशेष समिति। |
| १३७. | विश्वासको मत | Vote of Confidence | प्रधानमन्त्रीलाई प्रतिनिधि सभाका बहुमत सदस्यको साथ र सहयोग रहेको अवस्था |
| १३८. | विषयगत समिति | Thematic Committees | प्रतिनिधि सभा र राष्ट्रिय सभा अन्तर्गत विभिन्न विषय र क्षेत्रसँग सम्बन्ध राख्ने संसदीय समितिहरु। |
| १३९. | व्यय | Expenditure | खर्चको रकम |
| १४०. | व्यवस्थापन कार्यविधि | Legislative Procedure | कुनै विधेयक संसदमा प्रस्तुत हुने, संसदीय प्रक्रियामा अगाडि बढ्ने, पारित हुने र प्रमाणिकरण भई ऐन बन्ने समग्र विधायिकी प्रक्रिया। |
| १४१. | व्यवस्थापन कार्यविधि | Legislative Procedures | संसदमा बिधेयक दर्ता भए देखि बिधेयक पारित हुदा सम्मको समग्र कार्यविधि । |
| १४२. | व्यवस्थापिका | Legislature | कानून निर्माणको अभिभारा बोकेको जनप्रतिनिधिमुलक |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | राज्यको विधायिकी अङ्ग |
| १४३. | व्याख्यात्मक टिप्पणी | Explanatory Note | विधेयकको उद्देश्यपूर्ति गर्न दफाहरुलाई व्याख्या गर्ने कानूनी दस्तावेज। |
| १४४. | व्यालेट | Ballot | गोप्य मतदान गर्ने प्रयोजनका लागि प्रयोग गरिने सामाग्री। |
| १४५. | शपथ | Oath | आफ्नो पदभार ग्रहण गर्नु अगाडी सदस्यहरुले तोकिएबमोजिमका पदाधिकारीसमक्ष गरिने प्रतिज्ञा । |
| १४६. | शून्य समय | Zero Hour | सभाको दैनिक कार्यसूचीमा प्रवेश गर्नु अघि सदस्यहरुलाई आमसरोकारका समसामयिक मामिलामा सभाको प्रारम्भमा बोल्नको लागि छुट्याइने एक मिनेटको समय । |
| १४७. | शोक प्रस्ताव | Condolence Motion | संघीय संसदका माननीय सदस्य/पूर्व सदस्यहरुको देहान्त भएमा सोको सम्झनामा शोक प्रकट गर्ने प्रस्ताव। |
| १४८. | सङ्कल्प प्रस्ताव | Resolution | सार्वजनिक महत्वका विषयमा |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | Motion | राय वा सिफारिस प्रकट गर्न, कुनै कार्य वा नीतिमा समर्थन/विरोध गर्न प्रस्तुत गर्ने प्रस्ताव । |
| १४९. | सचिव | Secretary | सभा/सचिवालयका विशिष्ट तहका कर्मचारी । |
| १५०. | सचिवालय | Secretariat | संघीय संसदको कामकारबाही सञ्चालन तथा व्यव्थापन गर्न संविधानको धारा १०७ बमोजिम स्थापना भएको निकाय। |
| १५१. | सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति | Secretariat Operation and Management Commitee | संघीय संसद र सचिवालयलाई सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक नीति, कार्यक्रम तथा बजेट निर्धारण गर्न र रेखदेख, नियन्त्रण एवं सुपरिवेक्षण गर्नको लागि प्रतिनिधि सभाका सभामुख सभापति रहने समिति । |
| १५२. | सचेतक | Whip | संसदमा आफ्ना सांसदहरुलाई संसदीय प्रक्रियाबारे जानकारी दिन र गतिविधि व्यवस्थित गर्ने उद्देश्यका साथ संसदीय दलको |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | नेताले नियुक्त गरेको पदाधिकारी। |
| १५३. | सञ्चित कोष | Consolidated Fund | गुठी रकम बाहेक नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई प्राप्त हुने रकम रहने कोष । <br><br> गुठी रकम बाहेक नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम संघीय ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा आम्दानी बाध्नका लागि व्यवस्था गरिएको एक सरकारी कोष । |
| १५४. | सञ्चित कोषमाथि व्ययभार | Expenditures Chargeable on Federal Consolidate Fund | संविधानको धारा ११८ मा उल्लेख भएका विषयसँग सम्बन्धित |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | खर्च व्ययभार हुने र व्ययका लागि संघीय संसदको स्वीकृति आवश्यक नपर्ने विषय। |
| १५५. | सत्ता पक्षको प्रमुख सचेतक | Chief whip of Ruling Party | प्रतिनिधि सभामा बहुमत प्राप्त गर्ने कुनै दल नभएमा प्रतिनिधि सभामा दश प्रतिशत भन्दा बढी सदस्य भएको सत्तामा सहभागी दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्य । |
| १५६. | सत्ता पक्षको सचेतक | Whip of Ruling Party | प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेताले वा बहुमत प्राप्त गर्ने कुनै दल नभएमा प्रधानमन्त्रीले प्रतिनिधि सभामा सत्ता पक्षको सचेतक भई काम गर्न तोकेको सभाको सदस्य । |
| १५७. | सत्तापक्ष | Ruling Party | सरकारमा रहेका राजनैतिक दल । |
| १५८. | सत्तापक्षको नेता | Leader of Ruling Party | सरकारमा सहभागी भएको राजनैतिक दलको नेता । |
| १५९. | सत्र | Sitting | सदनको पहिलो बैठक र यसको स्थगन (वा प्रतिनिधि |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | सभा बिघटन) बीचको अवधि। |
| १६०. | सदन | House | संघीय संसदको प्रतिनिधि सभा वा राष्ट्रिय सभा । |
| १६१. | सदस्य | Member | संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरु । |
| १६२. | सन्धि | Treaty | दुई देश वा संस्थाहरुबीच गरिने सम्झौता । |
| १६३. | सभापति | Chairperson | संसदीय समितिका सभापति वा संसदीय समितिको अध्यक्षता गर्ने सदस्य । |
| १६४. | सभामुख | Speaker | सभाको अध्यक्षताको भूमिका निर्वाह गर्न प्रतिनिधि सभाका सदस्यहरुद्वारा निर्वाचित सदस्य प्रतिनिधि सभाको अध्यक्षता गर्ने सभाको प्रमुख व्यक्ति । |
| १६५. | समर्थन | Support | कुनै प्रस्ताव तथा राय, विचार र कसैलाई भनेका कामकुरालाई अनुमोदन वा पुष्टि गर्ने काम । |
| १६६. | समिति | Committee | नियमावली बमोजिम गठन हुने प्रतिनिधि सभा र राष्ट्रिय सभाका समिति । |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| १६७. | सम्बद्धता | Affiliation | सदस्यले बोलेको कुरा सभाको तत्काल विचाराधीन रहेको विषयसँग सम्बद्ध हुनुपर्ने विषय । |
| १६८. | सम्मेलन | Conference | कुनै खास विषयमा केन्द्रित भै उक्त विषयसंग सम्बन्धित निकायका सरोकारवाला अधिकारी सम्मिलित भई संचालन हुने बृहत बैठक । |
| १६९. | सरकारी आश्वासन समिति | Government Assurance Committee | सरकारका मन्त्रीहरुले संसदमा विभिन्न सन्दर्भमा दिएका आश्वासन कति पूरा भए, कति बाँकी छन् भनी अनुगमन, मूल्याङ्कन गर्ने समिति । |
| १७०. | सरकारी विधेयक | Government Bill | मन्त्रीले संसदमा प्रस्तुत गर्ने बिधेयक । |
| १७१. | साझा अधिकार | Concurrent Rights | संविधानको अनुसूची ७ तथा ९ मा व्यवस्था भएका अधिकासुची । |
| १७२. | सालवसाली | Annual | प्रत्येक साल आउने । |
| १७३. | सूचनापत्र | Notice | बैठकको कारबाही सम्बन्धी, बैठकको कारबाहीको संक्षिप्त विवरण सम्बन्धी, समितिसँग |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | सम्बन्धित तथा सभामुख वा अध्यक्षले आवश्यक ठहर्याएका अन्य विषयसँग सम्बन्धित सूचना । |
| १७४. | सैद्धान्तिक छलफल | Thematic discussion | कुनै विषयका सन्दर्भमा उक्त बिषयको आधारभूत मूल्य वा सिद्धान्त उपर गरिने छलफल एवं बहस । |
| १७५. | संक्षिप्त वक्तव्य | Brief Note | संघीय संसदको कामकारवाही एवं प्रक्रिया तथा सरकारका कामकारबाहीसँग सम्वन्धी विषय समेटिएको सरकारको आधिकारीक वक्तव्य। |
| १७६. | संघीय आकस्मिक कोष | Federal Emergency Fund | आकस्मिक कार्यका लागि खर्च गर्ने प्रयोजनका लागि संघीय ऐन बमोजिम स्थापित कोष । |
| १७७. | संघीय संसद सचिवालय | Federal Parliament Secretariat | नेपालको संविधानको धारा १०७ बमोजिम संघीय संसदको काम कारबाही सञ्चालन तथा व्यवस्थापन गर्न स्थापित प्रशासनिक संयन्त्र । |
| १७८. | संविधान | Constitution | राज्यको मूल मार्गदर्शनका रुपमा रहने देशको मूल कानून |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | वा मातृ कानून। |
| १७९. | संवैधानिक अंग | Constitutional Body | संविधान बमोजिम गठन भएका र संविधानमै काम, कर्तव्य र अधिकार उल्लेख गरी व्यवस्था गरिएका निकायहरु। |
| १८०. | संशोधन | Amendment | संघीय संसद वा संसद सदस्यले प्रस्ताव गरेको विधेयक वा प्रस्तावमा गरिने परिवर्तन वा परिमार्जन। |
| १८१. | संसदीय दल | Parliamentary Party | संसदमा प्रतिनिधित्व गर्ने राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दल संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दल |
| १८२. | संसदीय दलको नेता | Parliamentary Party Leader | संसदमा प्रतिनिधित्व गर्ने राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलको संसदीय दलको प्रमुख । |
| १८३. | संसदीय निगरानी | Parliamentary Oversight | सरकारका कामकारबाहीको सम्बन्धमा संसद तथा समितिमार्फत गरिने सरकारलाई संसदप्रति जवाफदेही र उत्तरदाही बनाउन र संसदबाट पारित |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| | | | कानून र बजेट सम्बन्धमा सरकारका कामकारबाहीलाई गरिने अनुगमन कार्य। |
| १८४. | संसदीय परिसर | Parliament's Premise | संसदको बैठक कक्ष, आसपास, हाता कम्पाउण्ड र उपकक्ष सहित भवनको सम्पूर्ण भाग । |
| १८५. | स्थगन | Adjournment | सभामुख वा अध्यक्षद्धारा सदनको बैठक अस्थायी वा स्थायी रुपमा रोक्ने काम । |
| १८६. | स्थगन प्रस्ताव | Adjournment Motion | सार्वजनिक महत्वको कुनै खास विषयमाथि छलफल गर्न बैठकको कार्यक्रम स्थगित गरियोस् भन्ने आशय सहित सभामुखको अनुमतिले पेश गर्न सकिने प्रस्ताव । |
| १८७. | स्थान रिक्तताको सूचना | Notice of Vacant | संविधानको धारा ८९ बमोजिम कुनै सदस्यको स्थान रिक्त भएमा सभामुख वा अध्यक्षले सो कुराको जानकारी दिने कार्य । |
| १८८. | स्पष्टीकरण | Justification | कुनै विषयको सम्बन्धमा त्यसको आशयसहित स्पष्ट पार्ने काम । |

| सि नं | शव्द | अंग्रेजी शव्द | अर्थ |
|---|---|---|---|
| १८९. | स्वीकृति | Approval | स्वीकार गर्ने वा ठिक छ भनेर प्रमाणित गर्ने काम । |
| १९०. | स्वेच्छाचारी | Arbitrary | प्रचलित कानुन बमोजिम नभई मनोमानीपूर्ण ढंगले गरिने निर्णय । |

**प्रकाशक**

संसदीय अध्ययन तथा अनुसन्धान शाखा

संघीय संसद सचिवालय

सिंहदरबार